**<u>मिति २०७५ भाद्र २६ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु</u>**

१. छाडा पशु चौपाया सम्बन्धमा ।
२. छाडा पशु चौपाया कार्यदल गठन सम्बन्धमा ।
३. गोदावरी क्षेत्र विकास समिति र गोदावरी क्षेत्र विकास कोष स्थापना सम्बन्धमा ।
४. पुश विकास तर्फको कार्यक्रमको स्थान छनौट सम्बन्धमा ।
५. पशु चौपायाको सेवा शुल्क सम्बन्धमा ।
६. वडा कार्यालयलाई मोटर साईकल र ल्यापटप उपलब्ध गराउने सम्बन्धमा ।
७. गोदावरी न.पा. भित्रका वाल विकास तर्फका वालविकास शिक्षिकालाई पोशाकको ब्यवस्था सम्बन्धमा ।
८. मालाखेती अस्पतालमा सर्प टोकाईको औषधी राख्ने फ्रिज उपलब्ध गराउने सम्बन्धमा ।
९. नगर सडक बत्ती बाल्ने ईलेक्ट्रोनिक मिस्त्रीको म्याद थप गर्ने सम्बन्धमा ।
१०. बिजुली नभएका स्वास्थ्य संस्थालाई सोलार बत्ती जडान सम्बन्धमा ।
११. गो.न.पा. ११ का मछेली खोलामा बगेर मृत्यु भएका परिवारलाई आर्थिक सहयोग सम्बन्धमा ।
१२. नगर फोहर सरसफाई सम्बन्धमा ।
१३. वा.नं. ४ र १० को घर भाडा सम्बन्धमा ।

**<u>निर्णय नं. १</u> :**

गोदावरी नगरपालिका, अत्तरिया कैलाली र जिल्ला अछाम साँफे नगरपालिका वा.नं. ९ बुढाकोट बस्ने श्री टक्कर बहादुर थापा र बिष्णु बहादुर साउद बिच गोदावरी नगरपालिका भित्रका सामुदायिक छाडा पशु चौपायालाई यस न.पा. क्षेत्र बाहिरका डडेल्धुरा, डोटी, अछाम, बाजुरा लगायतका पाहाडी जिल्लामा लगी ब्यवस्थापन गरे वापत तथा ढुवानी वापत प्रति पशु रु. ६००।- (छ सय) का दरले प्रथम पक्षले दोस्रो पक्षलाई प्रगती तथा सम्झौता कार्यान्वयनको आधारमा पछि उपलब्ध गराउने गरि मिति २०७५/५/२१ गतेका दिन भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो । साथै गोदावरी न.पा. वा.नं. ४ को फोक्से भन्ने स्थानमा केही मात्रामा छाडा पशु चौपाया ब्यवस्थापनको लागी ठूलो चरी चरन क्षेत्र रहेको हुँदा उक्त स्थानमा घेरवार तथा खानेपानीको ब्यवस्थापनका साथ पहिलो प्राथमिकतामा राखी प्राविधिक लागत ईष्टिमेटका आधारमा ब्यवस्थापन प्रक्रिया अगाडी बढाउने र गोदावरी न.पा. वा.नं. ८ भल्का स्थित निर्माण गरिएको गौशालामा यस न.पा.का वा.नं. ८ र ९ भित्रका छाडा पशु चौपायालाई ब्यवस्थापनको थालनी गर्ने तथा यस न.पा.को वा.नं. ११ स्थित सामुदायिक वनलाई वैकल्पिक छाडा पशु चौपाया ब्यवस्थापनको लागी समुदायसँग छलफल प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u> :**

गोदावरी नगरपालिका क्षेत्र भित्र सामुदायिक पशु चौपायाहरु विभिन्न छिमेकी नगरपालिका तथा गाउँपालिकाबाट प्रवेश गर्ने भएको हुँदा पशु ब्यवस्थापनमा चुनौती थपिएकोले अन्तर स्थानीय तह, सामुदायिक वनसँग र अन्य सरोकारवाला पक्षसँग समन्वय गर्न र छाडा पशु चौपायाको ठोस योजना तर्जुमा गरि दिर्घकालिन समाधानका लागी तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री हरि सिंह साउँद, नगर प्रमुख | - | संयोजक |
| श्री रत्ना कडायत, उप प्रमुख | - | सदस्य |
| श्री शर्मानन्द भट्ट, अध्यक्ष वडा नं. १ | - | सदस्य |
| श्री कृष्ण राज जोशी, अध्यक्ष वडा नं. २ | - | सदस्य |
| श्री मोहन बहादुर खत्री, अध्यक्ष वडा नं. ३ | - | सदस्य |
| श्री कर्ण सिंह बोहरा, अध्यक्ष वडा नं. ५ | - | सदस्य |
| श्री बीर बहादुर चोखाल, अध्यक्ष वडा नं. ६ | - | सदस्य |
| श्री नरेश बहादुर अधिकारी, अध्यक्ष वडा नं. ८ | - | सदस्य |
| श्री लहानु चौधरी, अध्यक्ष वडा नं. ९ | - | सदस्य |
| श्री ठक्कु देवी खत्री, कार्यपालिका सदस्य | - | सदस्य |
| श्री खेम राज बिष्ट, प्र.प्र.अ. | - | सदस्य सचिव |

**निर्णय नं. ३ :**

यस क्षेत्रकै पवित्र तिर्थ स्थलको रुपमा रहेको गोदावरी धामलाई विकास गरि धार्मिक पर्यटकहरु आकर्षित उद्देश्यले तथा गोदावरी क्षेत्रको बृहत्तर विकासका लागी उक्त क्षेत्रसँग सम्बन्धित व्यक्ति, संघ संस्था, बौद्धिक व्यक्ति तथा नागरिक समाजसँग समन्वय गरि अध्ययन गर्न गोदावरी क्षेत्र विकास कोष स्थापनाका लागी तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री हरि सिंह साउँद, नगर प्रमुख | - | संयोजक |
| श्री रत्ना कडायत, उप प्रमुख | - | सदस्य |
| श्री कृष्ण राज जोशी, अध्यक्ष वडा नं. २ | - | सदस्य |
| श्री प्रेम बहादुर भण्डारी, अध्यक्ष वडा नं. ४ | - | सदस्य |
| श्री बीर बहादुर चोखाल, अध्यक्ष वडा नं. ६ | - | सदस्य |
| श्री हेम राज ओभ्रा, अध्यक्ष वडा नं. ७ | - | सदस्य |
| श्री भिम बहादुर खड्का, अध्यक्ष वडा नं. १२ | - | सदस्य |
| श्री ईश्वरी देवी आचार्य, कार्यपालिका सदस्य | - | सदस्य |
| श्री राधा कुमारी जैशी, कार्यपालिका सदस्य | - | सदस्य |
| श्री खेम राज बिष्ट, प्र.प्र.अ. | - | सदस्य सचिव |

**निर्णय नं. ४ :**

गोदावरी नगरपालिकाको दोस्रो नगरसभाबाट स्वीकृत आ.व. ०७५/७६ को वार्षिक कार्यक्रम अनुसार पशु विकास क्षेत्र तर्फको देहाय कार्यक्रमलाई तपसिल बमोजिमको स्थानमा संचालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | कार्यक्रम संचालित स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | मासुमा आत्मनिर्भर तथा आयआर्जन कार्यक्रम | | | |
| क) | बाखा पकेट कार्यक्रम | ५ वटा | वा.नं. ४, ९, १०, ११ र १२ | |
| ख) | बंगुर पकेट कार्यक्रम | ५ वटा | वा.नं. १, २, ३, ५ र ९ | |
| २ | ग्रामीण कुखुरा प्रवर्द्धन पोषण सुधार तथा अण्डामा आत्मनिर्भर कार्यक्रम समुह | ५ वटा | वा.नं. ३, ५, ६, ७ र ८ | |

**निर्णय नं. ५ :**

गोदावरी नगरपालिका पशु विकास शाखाबाट दैनिक सेवा अन्तर्गत पशुपन्छी उपचार, कृतिम गर्भाधान, प्रयोगशाला सेवा, पशु बन्ध्याकरण, व्यवसायिक पशुपन्छी पालनका लागी लागत स्टीमेट आदी कार्य गर्दा तपसिल बमोजिमको सेवा शुल्क लिने भनी यस कार्यालयबाट मिति २०७५/५/२१ गते निर्णय भएको हुँदा सोही अनुसार सेवा शुल्क लिने निर्णय गरियो ।

| क्र.सं. | विवरण | सेवा शुल्क | कैफियत |
|---|---|---|---|
| **क)** | **पशुपन्छी रजिष्ट्रेशन** | | |
| १. | गाई/भैंसी/घोडा/खच्चर | रु. २५।- | |
| २. | भेडा/बाखा/बंगुर/सुंगर | रु. २५।- | |
| ३. | हाँस /कुखुरा | रु. २५।- | |
| ४. | कुकुर/बिरालो | रु. ५०।- | |
| ५. | अन्य | रु. ५०।- | |
| **ख)** | **सिफारिस तथा लागत स्टीमेट** | | |
| १. | साना तथा मझौला कृषक | रु. १५०।- | |
| २. | व्यवसायिक कृषक | रु. ५००।- | |
| ३. | समुह/समिति दर्ता | रु. ५००।- | |
| **ग)** | **कृतिम गर्भाधान सेवा** | | |
| १. | गाई/भैंसी/बाखा | रु. ५०।- | |

**निर्णय नं. ६ :**

गोदावरी नगरपालिकाको दैनिक प्रशासनिक कामकाज संचालन र अनुगमनमा सहयोग पुग्ने हेतुले दोस्रो नगर सभाबाट स्वीकृत बजेटको परिधी भित्र रही गोदावरी नगरपालिका भित्रका सबै वडा कार्यालय र कार्यालयका लागी आश्यक मात्रामा मोटरसाईकल र ल्यापटप खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

गोदावरी नगरपालिका क्षेत्र भित्र रहेका वाल विकास तर्फका वाल विकास शिक्षिकाहरुलाई पोशाकको ब्यवस्था गरि ब्यवस्थित र मर्यादित बनाउन १०८ जना बालविकास शिक्षाकालाई पोशाक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

गोदावरी नगरपालिका स्थित एक मात्र सरकारी अस्पताल मालाखेती अस्पतालमा सर्पले टोकेका बिरामीहरु उल्लेख्य संख्यामा आउने भएको हुँदा अस्पतालमा सर्पदशंको औषधी राख्ने फ्रिजको अभावमा पर्याप्त मात्रामा औषधी संचित गर्न समस्या भएकोले १ (एक) थान फ्रिज उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस नगरपालिकाको अत्तरिया बजार क्षेत्रमा नगर बक्ति जडान, मर्मत र उचित तरिकाले संचालन गर्न गत आ.व.मा गोदावरी न.पा. वा.नं. २ बस्ने श्री धन राज बिष्ट जोशीलाई ईलेक्ट्रिसिय मिस्त्री रुपमा कामकाज गराई रहेकोमा निजको म्याद थप नभएकोले निजलाई पूर्ववत कामकाज गर्ने गरि हाललाई मिति २०७५/५/२६ गते देखि २०७५ पुष मसान्तसम्मका लागी थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

गोदावरी नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा बिजुलको अभावका कारण बिरामीहरुको उचित तवरले उपचार गर्न समस्या परेको हुँदा बिजुलीको पहुँच नभएका स्वास्थ्य संस्थाहरुलाई १/१ (एक/एक) थान सोलार (जडान सहित) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

मिति २०७५ भदौ १५ गते अविरल वर्षाका कारण मछेली खोलामा बाढी आई नदीले बगाएर अकालमै मृत्यु भएका गोदावरी न.पा. वा.नं. ११ बस्ने श्री सुरज सुनारको दिवगंत आत्माको चिरशान्तीको कामना गर्दै निजका परिवारलाई रु. २५,०००।- (पच्चिस हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

गोदावरी नगरपालिकाको वा.नं. १ र २ मा अवस्थित अत्तरिया बजार आसपासको क्षेत्रमा फोहरमैला ब्यवस्थापन गर्ने उद्देश्यले मातृभुमि समाज नेपाल, काठमाण्डौंसँग मिति २०७५/४/२९ भएको सम्झौता अनुसारको कार्य ढिला सुस्ती भई रहेको हुँदा नगर सरसफाईको कार्यलाई तिब्रता दिने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

गोदावरी नगरपालिकाको वडा नं. ४ को वडा कार्यालय साविकका घरधनी श्री मान बहादुर कार्कीसँग सम्झौता गरि निजको घरबाट संचालन हुँदै आईरहेकोमा निजले उक्त घर गोदावरी न.पा. वा.नं ४ बस्ने श्री शान्ती कुमारी ओलीलाई बिक्रि गरेको हुँदा निजसँग मासिक रु. १५,०००।- (पन्ध्र हजार) कर सहित र बिजुली पानी कार्यालयले तिर्ने गरि सम्झौता गर्ने र वडा नं. १० को वडा कार्यालय साविकमा गो.न.पा. वा.नं. १० बस्ने श्री प्रेम राज भट्टको घर भाडामा लिई संचालन हुँदै आईरहेकोमा २०७५ श्रावण १ गते देखि सोही स्थानका घरधनी श्री उद्धव सिंह धामीको घरबाट संचालन हुँदै आईरहेकोले मासिक रु. १२,०००।- (बाह्र हजार) मा कर र बिजुली पानी घरधनीले तिर्ने गरि सम्झौता गरि कार्यालय संचालन गर्ने निर्णय गरियो ।